आज मिति २०७९ वैसाख २५ गते शुक्रबारको दिन दार्मा गाउँपालिका सल्यानको कार्यपालिका बैठक कार्यवाहक अध्यक्ष टिका शर्मा वलीज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| श्री टीका शर्मा वली | का.वा. अध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री डिल्लीबहादुर के.सी. | सदस्य |
| श्री सेतीराम रोकाहा | सदस्य |
| श्री रामबहादुर के.सी. | सदस्य |
| श्री दुर्गाबहादुर मल्ल | सदस्य |
| श्री सन्ताराम कामी | सदस्य |
| श्री अमृता कामी | सदस्य |
| श्री मञ्जु शाही | सदस्य |
| श्री धनीराम नेपाली | सदस्य |

## प्रस्तावहरू

१. लिफ्ट खानेपानीको लागी नयाँ मोटर खरिद गर्ने सम्बन्धमा।

२. पदाधिकारीलाई धन्यवाद ज्ञापन सम्बन्धमा ।

३. पशुसेवा शाखाको भैसी खरिदको भुक्तानी सम्बन्धमा ।

४. राहत तथा उपचार खर्च सम्बन्धमा ।

५. गाउँपालिकाको डोजर प्रयोग सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं १

दार्मा गाउँपालिका ३ चम्फुटाकुरामा रहेको लिफ्ट खानेपानी आयोजनाको मोटर विग्रेर नयाँ फेर्नुपर्ने भएकोले तुरुन्त १ वटा मोटर खरिद गरी सो खानेपानी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने ।

### निर्णय नं २

दार्मा गाउँपालिकामा स्थानीय तह सददस्य निर्वाचन, २०७४ बाट निर्वाचित भई जनप्रतिनिधिको रुपमा हालसम्म कामकाज गरी मिति २०७९/०१/०९ गतेको दिन राजिनामा दिने दार्मा गाउँपालिकाका जनप्रतिनिधिहरुलाई हालसम्म गाउँपालिकामा पुर्याएको योगदानको उच्च मुल्यांकण गर्दै कार्यपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्ने ।

### निर्णय नं ३

पशु अस्पताल सल्यान र दार्मागाउँपालिकाको साझेदारीमा वडा नं ४ को सिंगारिकोटमा कृषक समुहले खरिद गरेका २० वटा भैसीमा अनुगमन समितिले ६ वटा भैसी कमजोर भनी प्रतिवेदन दिएको आधारमा गाउँपालिकाले दिने अनुदान रकम रु. ६,००,०००। मा प्रती भैसी ८०००। को दरले ६ भैसीको जम्मा रु. ४८,००० घटाई भुक्तानी दिने ।

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

निर्णय नं ४

गर्दा गाउँपालिका अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता कोष सञ्चालन कार्यविधि, २०७७ को उल्लेखित दफा बमोजिम तपसिलका नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क.स. | सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | कार्य विधि को सम्बन्धित दफा | पहिचान भएको समस्या | आर्थिक सहयायता रकम |
|---|---|---|---|---|---|
| १ | हरिलाल दमाई | दार्मा -६ | ३ | क्यान्सर | १००००। |
| ३ | रोषन वि क | दार्मा-३ | १६ | हात भाँचीएको | १००००। |
| ४ | खिम वहादुर कामी | दार्मा-६ | १६ | मृत्यु | १००००। |

निर्णय नं ५

गाउँपालिकाको डोजर प्रयोग गरी तपसिलको स्थानमा काम गर्ने

- पुरानीकोट पार्क निर्मान वडा-१
- दुवाङ विसेटाकुरा सडक वडा-३

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

रैशम ओली
प्रमुख प्रशासकीय अधिकृत